# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ९ मितिः २०७९/०३/३०

भाग-१

## देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०७९

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०७९

गाउँसभामा स्वीकृत भएका मितिः२०७९/०३/२५
प्रमाणीकरण मितिः २०७९/०३/३०

संवत् २०७९ सालको ऐन नं. ०५

प्रस्तावनाः देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम देवघाट गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि देवघाट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि - १ बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. मालपोत तथा भूमि करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि - २ बमोजिम मालपोत तथा भूमि कर लगाइने र असूल उपर गरिनेछ ।

४. घर, जग्गा वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि - ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि - ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. स्थानीय उपज बिक्री तथा व्यवस्थापनः गाउँपालिका क्षेत्र अन्तर्गत उत्पादन भएका स्थानीय उपज बिक्री तथा व्यवस्थापनका लागि अनुसूचि - ५ बमोजिम असूल उपर गरिनेछ ।

७. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले

निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि - ६ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि - ७ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि - ८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि - ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि - १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याचफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यालफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि - ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क तथा सिफारिस दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि - १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. प्राकृतिक स्रोत उत्खनन करः दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरा) मा अनुसूची - १३ बमोजिम असूल उपर गरिनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले

आवश्यकता अनुसार तर्जुमा गर्न सक्नेछ ।

१७. यस ऐनमा उल्लेख हुन छुटेका तर स्थानीय तहको क्षेत्राधिकार भित्र परेका विषयसँग सम्बन्धित विषयका कर तत्काल गाउँकार्यपालिकाको निर्णय बमोजिम कर लगाउन सकिनेछ । त्यसरी लगाइएको कर यसै गाउँ सभाबाट पारित भए सरह मानिनेछ ।

देवघाट गाउँपालिकाको स्थानीय राजपत्र

अनुसूची - १
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।
आ.व. २०७९/०८० को लागि सम्पति करको दररेट

क) देवघाट गाउँपालिका क्षेत्र भित्रको भूमि/जग्गाको मूल्यांकन दररेट

| वडा नं. १ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| दरौटार-शहिदचोक (शालिग्रम करिडोर मो. मार्गले छुने २०० मि. दायाँ बायाँ क्षेत्र | ५,५०,०००/- |
| पाखाटोल-बेलडाँडा-बसेनीटार क्षेत्रमा | २,००,०००/- |
| मेवाघारी-बगैंचा-पल्लोटार-स्कुल चोक (शालीग्राम करिडोर मो.मार्ग २०० मि. भन्दा पर) | ४,००,०००/- |
| कठनटोल-पार्वती मा.वि.-चौतारा टोल-एक्लेवर (शालीग्राम करिडोर मो.मार्ग ले छुने ३०० मि. दायाँ बाँया क्षेत्र | १२,००,०००/- |
| कर्ण मो. मार्ग देखि दक्षिण भाग सम्पुर्ण क्षेत्र | ५,००,०००/- |
| वर्षाखोला-मौलाडाँडा क्षेत्र | ३,००,०००/- |
| एक्लेवर देखि गोपीटार सम्म (गोपीटार मो.मार्गले छुने ३०० मि. दायाँ बायाँ) | ४,००,०००/- |
| मझुवाडाँडा-आँपटार-भतेरी झोलुङ्गे पुल सम्म (शालीग्राम करिडोर मो.मार्गको ३०० मि. दायाँबायाँ) | ५,००,०००/- |
| चण्डुली-जामुने-बिमराश्वाँरा (सिंच्याङ्ग गाईघाट मो.मार्गले छुने २०० मि. दायाँ बाँया) | १,००,०००/- |
| सालडाँडा-गहते-शिखर-झाँक्रीखोप-भिरथाप्ला रिसिङ्ग थान क्षेत्र (सिंच्याङ्ग गाईघाट मो.मार्ग को २०० मि. भन्दा पर) | ५०,०००/- |

| वडा नं. २ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| सानुभञ्ज्याङ्ग-सिम्लेक-कोटवैदी (सिंच्याङ्ग गाईघाट काफलडाँडा सानुभञ्ज्याङ्ग मोटर मार्गले छुने) | २,००,०००/- |
| मास्दी-खानीभित्ता-आमडाँडा | १,००,०००/- |
| नरम | १,५०,०००/- |
| जमडाँडा, लेकश्वारा, द्वारगौंडा, काभ्राखोला | १,००,०००/- |
| डिहिलेक, डिहि, व्यागन, जरम, दरैटार, क्वादी, बेसार्दी | २,००,०००/- |
| छेरङ्गाखोला, दरौंखोला सम्म (शालीग्राम करिडोर मो.मार्गले छुने २०० मि. दायाँ बाँया) | ६,००,०००/- |
| जैथुम, छेरङ्गा, कराँदिप | १,५०,०००/- |

| वडा नं. ३ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| नाल्बुङ्ग, ल्हुङ्ग्रीङ्ग, छिपछिपे (सुन्तला मोटर मार्गले छुने २०० मि. आसपास क्षेत्र) | १,५०,०००/- |
| साराङघाट, गोन्द्राङ्ग, वाटक, चिलाउने गैह्रा, वडा कार्यालयको पूर्व पट्टि (भृकुटी मोटर मार्गले छुने २०० मि. आसपास क्षेत्र) | १,२०,०००/- |
| भोक्तेनी, दगरा, थापश्वारा (दगरा सम्झना मोटर मार्गले छुने १०० मि. आसपास क्षेत्र) | १,००,०००/- |
| गोन्द्राङ्ग (गोन्द्राङ्ग मोटर मार्गले छुने २०० मि. आसपास क्षेत्र) | १,००,०००/- |
| ल्हुङ्ग्रिङ्ग, गुरुङटोल, क्राश्वारा (क्राश्वारा मो. मार्गले छुने २०० मि. आसपास क्षेत्र) | १,००,०००/- |

| | |
|---|---|
| नाल्बुङ्ग (मनकामना मोटर मार्गले छुने १००मि. आसपास क्षेत्र) | ५०,०००/- |
| फिदिमश्वारा लेकश्वारा (फिदिमश्वारा मो. मार्गले छुने २०० मि. आसपास क्षेत्र) | ५०,०००/- |
| हल्डुङ्ग, गुरुङटोल, मगर टोल (हल्डुङ्ग मो. मार्गले छुने १०० मि. आसपास क्षेत्र) | ५०,०००/- |
| सग्रांम, जौबारी, खहर, घर्तिवास, गोगनघारी क्षेत्र | ५०,०००/- |

| वडा नं. ४ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति रोपनी रु. |
| गाईघाट क्षेत्र | ३,५०,०००/- |
| मोहोरिया, सिंच्याङ्ग, काफलडाँडा, डुडे वासपानी, कर्ताप, ढड्डाघारी (भिरकोट गाईघाट मोटर बाटो दायाँ बायाँ ३०० मि.) क्षेत्र | २,००,०००/- |
| आमडाँडा वेशी, चामन वेशी, आईलिम वेशी, भुवन वस्ती क्षेत्र | १,५०,०००/- |
| खोडे, आमडाँडा माथि गाउँ, दुईघरे, चारघरे, नगरथली, पार्लाङ्ग, सार्वाङ्ग, काफलश्वारा, सिम्टीश्वारा, वापस, वसेनी, ज्यामिरे, तल्लो ढड्डाघारी क्षेत्र | १,००,०००/- |
| अग्रीडाँडा, रातपानी, सालडाँडा, वेलडाँडा, गुदुम क्षेत्र | ७५,०००/- |
| वेलश्वरा क्षेत्र | २,००,०००/- |
| जोलेआप क्षेत्र | १,००,०००/- |

| वडा नं. ५ | |
|---|---|
| स्थान | न्यूनतम मूल्य प्रति आना रु. |
| टाउनचोक देखि मुल सडक स्याउली बजार घिनाटार (११ मि. बाटो) सम्म | २,५०,०००/- |
| पुलको मुख देखि बद्री केदार चापागाई मन्दिर हुँदै मुल सडक सम्म | २,००,०००/- |
| घिनाटार देखि नयाँ बस्ति चौकी हुँदै देवपुर (११ मि. को बाटो) सम्म | २,००,०००/- |
| घिनाटार देखि क्युदी, पिपलटार, भर्जनखोला कालिमाटी दास ढुङ्गा ११ मि. बाटोको दायाँ बायाँ | २,००,०००/- |
| मधुवन देखि पिपलटार, तालबारी, सांखीचोक, कालीमाटी, घुम्तीचौर, हुँदै दासढुङ्गा ११ मि. | २,००,०००/- |
| कालीमाटी, गौरीटार र बुद्धचोक हुँदै भुवनटारसम्म | १,५०,०००/- |
| बाँकी भित्री बाटाहरु ८ मि. र ६ मि.को बाटो दाँयाबाँया | १,५०,०००/- |
| साँढेबगर (महादेव टोल विकास संस्था) | ५०,०००/- |
| क्वादी र बगन्दी क्षेत्र | १०,०००/- |

ख) देवघाट गाउँपालिका क्षेत्र भित्रको भौतिक संरचनाको मूल्यांकन दररेट

| क्र.स. | कोड | पुरा नाम | समूह | उप समूह | दर/रकम |
|---|---|---|---|---|---|
| १ | १.१.०१ | आर.सी.सी. फ्रेम स्टक्चर/पिल्लर ढलान | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | १,५००.०० |
| २ | १.१.०२ | पक्की खोर वा गोठ आर सि सि ढलान | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | १,२००.०० |
| ३ | १.१.०३ | सिमेन्ट/माटोको जोडाइमा इट्टा/ब्लक वा ढुङ्गाको गारो सहित ढलान | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | १,०००.०० |
| ४ | १.१.०४ | सिमेन्ट/माटोको जोडाइमा पिल्लर सहित इट्टा/ब्लक/ढुङ्गको गारो, जस्ता/टायल | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | ७००.०० |
| ५ | १.१.०५ | माटोको जोडाइमा पिल्लर बाहेक जस्ता/टायलको छाना | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | ५००.०० |
| ६ | १.१.०६ | फलामबाट बनेको घर | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | ४००.०० |
| ७ | १.१.०७ | कच्चि खोर तथा गोठ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू-१०२ | देवघाट गाउँपालिका क्षेत्रभित्रका भौतिक संरचनाहरू | ३००.०० |

देवघाट गाउँपालिका क्षेत्र भित्रको भौतिक संरचनाको मूल्यांकन सिलिङ्गः

| सम्पति मूल्य (देखि) | सम्पति मूल्य (सम्म) | प्रतिशतमा गणना गर्ने | कर प्रतिशत |
|---|---|---|---|
| ०.०० | ५,००,०००.०० | हो | ०.०१५ |
| ५,००,००१.०० | १०,००,०००.०० | हो | ०.०१२५ |
| १०,००,००१.०० | १५,००,०००.०० | हो | ०.०१३३३ |
| १५,००,००१.०० | २०,००,०००.०० | हो | ०.०१५ |
| २०,००,००१.०० | २५,००,०००.०० | हो | ०.०१६ |
| २५,००,००१.०० | ३०,००,०००.०० | हो | ०.०१६६७ |
| ३०,००,००१.०० | ४०,००,०००.०० | हो | ०.०१७५ |
| ४०,००,००१.०० | ५०,००,०००.०० | हो | ०.०१८ |
| ५०,००,००१.०० | ६०,००,०००.०० | हो | ०.०२ |
| ६०,००,००१.०० | १,००,००,०००.०० | हो | ०.०१७ |
| १,००,००,००१.०० | १,५०,००,०००.०० | हो | ०.०२३३३ |
| १,५०,००,००१.०० | २,००,००,०००.०० | हो | ०.०२५ |
| २,००,००,००१.०० | २,५०,००,०००.०० | हो | ०.०३२ |
| २,५०,००,००१.०० | ३,००,००,०००.०० | हो | ०.०३३३३ |
| ३,००,००,००१.०० | ४,००,००,०००.०० | हो | ०.०३२५ |
| ४,००,००,००१.०० | ५,००,००,०००.०० | हो | ०.०३६ |
| ५,००,००,००१.०० | ०.०० | हो | ०.०५ |

अनुसूची - २
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।
मालपोत तथा भूमी करको दररेट

| क्र.सं. | मालपोत तथा भूमीकर | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | न्यूनतम (एक आना देखि ६ आना सम्म भएमा) | ५० | वडा नं ५ को साविक वडा नं. २ र ४ वडा नं १ को कोटा, कालिकाटार, आँपटार, वडा नं. २ को खाल्टे चडा नं. ३ को साराङघाट बाहेक गाउँपालिकाका अन्य क्षेत्रमा लाग्ने दस्तुरको २५ प्रतिशन छुट दिइनेछ । |
| २ | ६ आना भन्दा माथी ३ रोपनी सम्म भएमा (प्रति रोपनी) | ८० | |
| ३ | ३ रोपनी भन्दा माथी १० रोपनी सम्म भएमा (प्रति रोपनी) | ६० | |
| ४ | १० रोपनी भन्दा माथी भएमा प्रति रोपनी | ५० | |

अनुसूची - ३

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि घर, जग्गा वहाल करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| व्यक्तिगत वा संस्थागत | | | |
| १ | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छुप्पर, जग्गा, पोखरीमा सम्झौता रकमको पुरै भएमा | १० प्रतिशत | |
| २ | व्यक्तिगत वा संस्थागत भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा आंसिक भएमा सम्झौता रकमको | ५ प्रतिशत | |
| भवन | | | |
| १ | गाउँपालीको स्वामित्वमा रहेको, वा संरक्षकत्वमा रहेको जमीन वा भवन | | |
| २ | भवन सडकका अग्लो भागको प्रथम भूई तला प्रती वर्ग फूट | रु. १५ | |
| ३ | भवन सडकका अग्लो भागको प्रथम प्रथम तला प्रती वर्ग फूट | रु. १२ | |
| ४ | भवन सडकका अग्लो भागको प्रथम प्रथम तला भन्दा माथी प्रती वर्ग फूट | रु. ७ | |
| जमिन | | | |
| १ | मूल सडक छेउको प्रती रोपनी वार्षिक | २००० | |
| २ | भित्री सडक छेउको प्रती रोपनी वार्षिक | १५०० | |
| ३ | सडक नभएको भित्री जमीन लगायत त्यस्तै प्रकृतीका अन्य समेत प्रती रोपनी वार्षिक | ७०० | |

अनुसूची - ४
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।
आ.व. २०७९/०८० को लागि व्यवसाय करको दररेट

| क्र. सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| १ | व्यवसाय दर्ता पूँजिको आधारमा | | | विलम्ब शुल्क थप १०% जरिवाना |
| क | रु. ३ लाख देखी रु. ५ लाख सम्म पूँजि लगानी | १००० | ५०० | |
| ख | रु. ५ लाख १ देखी रु. १० लाख सम्म पूँजि लगानी | १५०० | ७५० | |
| ग | रु. १० लाख १ देखी रु. २० लाख सम्म पूँजि लगानी | २००० | १००० | |
| घ | रु. २० लाख १ देखी रु. ३५ लाख सम्म पूँजि लगानी | २५०० | १२५० | |
| ङ | रु. ३५ लाख १ देखी रु. ५० लाख सम्म पूँजि लगानी | ३५०० | १७०० | |
| च | रु. ५० लाख १ देखी रु. १ करोड सम्म पूँजि लगानी | ५००० | २२०० | |
| छ | रु. १ करोड १ देखी रु. २ करोड सम्म पूँजि लगानी | ७००० | ३००० | |
| ज | रु. २ करोड पूँजि देखि माथि | १०००० | ५००० | |
| झ | होम स्टे | १०००० | २००० | |
| २ | डिलर व्यवसाय (थोक बिक्रेता) | १०००० | २००० | |
| ३ | औषधी पसल | | | |
| क | थोक बिक्रेता | २००० | ६०० | |

| क्र. सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| ख | खुद्रा बिक्रेता | १००० | ३०० | |
| ग | साना खुद्रा बिक्रेता | ५०० | १५० | |
| ४ | अस्पताल तथा नर्सिङ्ग होम | ५००० | १५०० | |
| ५ | क्लिनिक तथा ल्याव | २००० | ६०० | |
| ६ | पेट्रोल पम्प | | | |
| क | डिजेल, पेट्रोल | १००००० | १०००० | |
| ख | डिजेल र पेट्रोल छुट्टाछुट्टै | ५०००० | ५००० | |
| ग | मट्टितेल | २००० | ६०० | |
| घ | मट्टितेल नोजलबाट | १००० | ३०० | |
| ७ | ग्याँस सिलिण्डर बिक्रेता | | ० | |
| क | क श्रेणी | १००० | ३०० | |
| ख | ख श्रेणी | १००० | ३०० | |
| ८ | जिप, कार, भ्यान सो रुम | ५००० | १५०० | |
| ९ | मोटर बडी विडर्स | | | |
| क | क श्रेणी | १०००० | ३००० | |
| ख | ख श्रेणी | ५००० | १५०० | |
| १० | मोटरसाईकल सोरुम | | | |
| क | क श्रेणी | ३००० | ९०० | |
| ख | ख श्रेणी (व्याट्रीबाट चल्ने) | १००० | ३०० | |
| ११ | बैंक, फाईनान्स, वित्तिय संस्थाहरु तथा सहकारी बैंक नाफामूलक मुख्य कार्यालय भएको बैंक तथा फाईनान्स | | | |

| क्र. सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| क | शाखा, उपशाखा कार्यालय भएको (बैंक, फाइनान्स, अन्य वित्तिय संस्था) | ४००० | २००० | |
| ख | सहकारी बैंक | १००० | ५०० | |
| १२ | बहुराष्ट्रिय उद्योग | ७००० | २१०० | |
| १३ | पोलिथिन तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | | | |
| क | क श्रेणी | ३००० | ९०० | |
| ख | ख श्रेणी | २००० | ६०० | |
| १४ | फर्निचर उद्योग | ५००० | २००० | |
| १५ | फर्निचर सोरुम | ३००० | ९०० | |
| १६ | ग्रिल सटर उद्योग | २००० | ६०० | |
| १७ | निर्माण व्यवसायी | | | |
| क | क श्रेणी | ५०००० | १५००० | |
| ख | ख श्रेणी | ४०००० | १२००० | |
| ग | ग श्रेणी | ३०००० | ९००० | |
| घ | घ श्रेणी | २०००० | ७००० | |
| १८ | गिट्टी, बालुवा ढुङ्गा सप्लाई | ५००० | १५०० | |
| १९ | बसपार्कमा पार्किङ्ग गरि बस्ने सवारीलाई प्रति वर्ष | ५०० | | |
| २० | टोल विकास संस्था दर्ता | ७०० | २०० | |
| २१ | अन्य गै.स.स. संस्था सूचिकृत / दर्ता | २००० | ७०० | |
| २२ | क्रसर उद्योग | ५०००० | २०००० | |

| क्र. सं. | शिर्षकहरु | करको दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| २३ | सःमिल दर्ता | २०००० | १०००० | |
| २४ | ईट्टा उद्योग | ५०००० | २०००० | |
| २५ | मोटरबोट सञ्चालन अनुमती (प्रति गोटा) | ७००० | ३००० | |
| २६ | सामान्य बोट सञ्चालन अनुमती (प्रति गोटा) | ३००० | १००० | |
| २७ | बोर्डिङ्ग तथा निजी (संस्थागत) विद्यालय अनुमती | | | |
| क | मन्टेश्वरी शिक्षा | २००० | १००० | |
| ख | आधारभूत तह (१ — ५ कक्षा) | ३००० | १५०० | |
| ग | आधारभूत तह (१ — ९ कक्षा) | ४००० | २००० | |
| घ | माध्यमिक तह (९ — १२ कक्षा) | ७००० | ३००० | |
| ङ | क्याम्पस तह | १०००० | ५००० | |
| २८ | ट्युसन, तालिम सेन्टर | ५००० | २००० | |
| २९ | धर्मशाला अनुमती तथा दर्ता | ५००० | २००० | |
| ३० | कृषि तथा पशु समूह दर्ता | ५०० | ३०० | |
| ३१ | हाट बजार अनुमती तथा दर्ता | ५०० | ३०० | |

पुनश्चः यसमा नपरेका शिर्षकहरुको हकमा तत्काल गाउँकार्यपालिकले दर-रेट निर्णय गरि लगाउन सक्नेछ ।

अनुसूची - ५

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापनको लागि दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | काठ दाउरा प्रति वर्ष | | |
| क | साल काठ प्रति क्यू.फिट | २० | |
| ख | खयर प्रति क्यू. फिट | १५ | |
| ग | कु काठ साल खयर बाहेक प्रति क्यू. फिट | १० | |
| घ | दाउरा प्रति चट्टा | ५०० | |
| ङ | दाउरा सालको प्रति चट्टा | १००० | |
| २ | स्थानीय उपज | | |
| क | पशु चौपाया (प्रति के.जि.) | २० | |
| ख | फलफूल (सुन्तला, जुनार, कागती) (प्रति के.जि.) | ०.३० | |
| ग | अदुवा, बेसार (काँचो) (प्रति के.जि.) | ०.३० | |
| घ | सुठो (सुकाएको अदुवा) (प्रति के.जि.) | १ | |

अनुसूची — ६

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि जडीबुटी, कवाडी र जीवजन्तु करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| | हाड, सिंढ, खूर, छाला | | |
| १ | हाड प्रति के.जि. | १ | |
| २ | सिंढ प्रति के.जि. | १.५० | |
| ३ | खूर प्रति के.जि. | १.५० | |
| ४ | छाला प्रति के.जि. | १५ | |
| | कवाडी | | |
| १ | ऊनका टुक्रा प्रति के.जि. | १ | |
| २ | गारमेटको कपडाको टुक्रा प्रति के.जि. | १ | |
| ३ | जलेको मोबोल प्रति लि. | ०.५ | |
| ४ | जुट र पल्टिकको बोरा प्रति के.जि. | ०.२० | |
| ५ | कार्पेटका टुक्रा प्रति के.जि. | १ | |
| ६ | टायर ट्युव टुक्रा प्रति के.जि. | १ | |
| ७ | थोत्रो टिन टुक्रा प्रति के.जि. | ०.५० | |
| ८ | पुरानो ड्रम प्रति के.जि. | ०.५० | |
| ९ | पुराना कागज प्रति के.जि. | १ | |
| १० | धातुका टुक्राहरु प्रति के.जि. | १ | |
| ११ | पोलिथिनको पाईपका टुक्रा प्रति के.जि. | ०.५० | |
| १२ | शिशाको धुलो वा टुक्रा प्रति के.जि. | ३ | |
| १३ | काँचको धुलो वा टुक्रा प्रति के.जि. | ०.५० | |
| | जडिबुटी | | |
| १ | खोटो प्रति के.जि. | ०.५० | |
| २ | खर, बाबियो प्रति के.जि. | २ | |
| ३ | सालको बियाँ प्रति के.जि. | ०.५० | |

अनुसूची - ७

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि सवारी साधन करको दररेट

| क्र. सं. | विवरण | दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| १ | हेभी मेशिनरीः डोजर, लोडर, एक्साभेटर, ग्रेडर, रोलर प्रति वर्ष | २५०० | १००० | यस गाउँपालिकामा दर्ता तथा सुचिकरण नभएका कुनै पनि सवारी उपकरणहरुलाई गाउँपालिकाको कार्य तथा योजना सञ्चालन कार्यमा सहभागी गराइने छैन । वडाले अभिलेख राखि गा.पा. मा पठाउने |
| २ | हेभी बस, ट्रक प्रति वर्ष | २००० | ६०० | |
| ३ | मिनिबस, मिनि ट्रक प्रति वर्ष | १५०० | ४५० | |
| ४ | माइक्रो बस प्रति वर्ष | १००० | ५०० | |
| ५ | कार, जिप, टेम्पो प्रति वर्ष | १००० | ५०० | |
| ६ | ट्रयाक्टर प्रति वर्ष | १००० | ५०० | |
| ७ | स्कुटर, मोटरसाईकल | ५०० | २०० | |
| | विदेशी | प्रति दिन | | |
| १ | बस, ट्रक, लरी र अन्य हेवी गाडीमा | १०० | | |
| २ | कार जिप, भ्यान | ५० | | |
| ३ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | २० | | |

अनुसूची — ८
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।
आ.व. २०७९/०८० को लागि विज्ञापन करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका हक भोगको घर जग्गा वा सार्वजनिक स्थानमा विज्ञापन वा डिजिटल बाहेक साईन वोर्ड साखेलाई प्रती वर्गफूट | ५ | |
| २ | गाउँपालिका हक भोगको घर जग्गा वा सार्वजनिक स्थानमा विज्ञापन वा डिजिटल साईन वोर्ड साखेलाई प्रती वर्गफूट | ७ | |

अनुसूची — ९

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि वहाल, बिटौरी करको दररेट

| क्र. सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्रको पर्ती ऐलानी जग्गामा नेपाल सरकारको स्वीकृत वमोजिम गा.पा. आफैले टहरा छाप्रा निर्माण गरी रेख देख संचालन गरेको अस्थायी पसल वा आवास को लागी उपलव्ध गराएकोमा प्रति टहरा, छाप्राको मासिक | ५०० | |
| २ | गाउँपालिका क्षेत्र भित्रको खाली रहेको पर्ती ऐलानी जग्गामा गा.पा. आफैले टहरा छाप्रा निर्माण नगरी व्यक्ति विशेषले आफै छाप्रा टहरा निर्माण गरी वा नगरी हाट वजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी वसेको भए त्यस्तो जग्गामा प्रती वर्गफूट मासिक | १५ | |

अनुसूची — १०
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि पार्किङ्ग शुल्कको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले आफैले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका बस मिनिबस, ट्रक, ट्र्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा प्रति पटक | ३० | |
| २ | गाउँपालिकाले आफूले निर्माण गरि सञ्चालन गरेको आधुनिक सुविधा, सम्पन्न बसपार्कमा गाउँसभाले निर्धारण गरे बमोजिमको पार्किङ्ग शुल्क लगाउन सक्नेछ । | | |
| ३ | गाउँपालिकाले आफूले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा प्रति पटक | २० | |
| ४ | प्रकरण १, २ र ३ मा उल्लेखित सवारी साधन बाहेक अन्य सवारी साधनहरुका लागि गाउँपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा पार्किङ्ग समयको आधारमा प्रति पटक | १० | |

अनुसूची - ११
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि ट्रेकिङ्ग, क्यानोईङ्ग, र्याफ्टिङ्ग करको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | | कैफियत |
|---|---|---|---|---|
| | | सुरु दर्ता | नविकरण | |
| १ | पर्यटक, आवास, मोटेल, रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, स्केइङ्ग, ग्लाईडिङ्ग, वाटर र्याफ्टिङ्ग, क्यानोईङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत | ५००० | ३००० | |

अनुसूची - १२
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० को लागि सेवा शुल्क तथा सिफारिस दस्तुरको दररेट

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | निवेदन र सामान्य सिफारिस | ३५० | |
| २ | अँग्रेजी डकुमेन्ट | १००० | |
| ३ | नागरिकता सिफारिस | ५० | |
| ४ | नागरिकता प्रतिलिपी सिफारिस | ३५० | |
| ५ | नाता प्रमाणित | | |
| क | अँग्रेजी | १००० | |
| ख | नेपाली | ५०० | |
| ६ | चार किल्ला प्रमाणित | | |
| क | घडेरी | ५५० | |
| ख | भवन, घर, उद्योग | ५५० | |
| ग | खेती योग्य | ३५० | |
| ७ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क (३५ दिन भित्रमा दर्ता गरेमा शुल्क लाग्ने छैन) | २०० | |
| ८ | व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र प्रतिलिपी | ५०० | |
| ९ | व्यक्ति प्रमाणित | ३५० | |
| १० | अविवाहित प्रमाणित | ३५० | |
| ११ | घर बाटो सिफारिस | | |
| क | मुख्य पिच बाटो ११ मि. | १५०० | |
| ख | मुख्य पिच बाटो ८ मि. | १२०० | |
| ग | मुख्य पिच बाटो ६ मि. | ११०० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
| --- | --- | --- | --- |
| घ | ग्राभेल बाटो | १०५० | |
| ङ | कच्ची बाटो | ५५० | |
| च | बाटो नभएको | ४५० | |
| १२ | धितो मूल्यांकन | ० = १ ५ प्रतिशत | |
| १३ | आयश्रोत प्रमाणीत | ० = १ ५ प्रतिशत | |
| १४ | विद्युत मिटर बक्स सिफारिस घरको लागि | ३५० | |
| | विद्युत मिटर बक्स सिफारिस सिंचाईको लागि | ५५० | |
| १५ | सरसफाई शुल्क प्रति घर | | |
| क | सामान्य आवासिय घर | ३० | |
| ख | व्यापारिक घर/सटर | ५० | |
| ग | ठुला होटल, आश्रम | १०० | |
| १६ | मालपोत कार्यालयमा गरिने सिफारिसहरु | | |
| क | नाम, थर, वतन संशोधन, प्रतिलिपी सिफारिस | ५५० | |
| ख | नामसारी, दाखिल, खारेज | ५५० | |
| ग | अन्य सिफारिस | ३५० | |
| घ | पुर्नवासी व्यक्तीहरुको जग्गा सिफारिस | ३५० | |
| १७ | पेन्सन सम्बन्धी सिफारिस | | |
| क | स्वदेशको लागि | ३५० | |
| ख | विदेशको लागि | ७५० | |
| १८ | कागजात प्रतिलिपी प्रतिपेज | ३ | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १९ | कागजात प्रमाणित प्रतिपेज | १०० | |
| २० | सम्पत्ती कर रसिद प्रतिलिपी | १० | |
| २१ | अन्य प्रमाण-पत्र प्रतिलिपी | ५०० | |
| २२ | शिक्षकहरु अन्तर प्रदेश/जिल्ला/स्थानीय तह सरुवा भई जानका लागि सरुवा दस्तुर | | |
| क | आधारभूत विद्यालय तह (१ — ५ सम्म) शिक्षक | १५०० | |
| ख | आधारभूत विद्यालय तह (६ — ८ सम्म) शिक्षक | २००० | |
| ग | माध्यमिक विद्यालय तह शिक्षक | ३००० | |
| २३ | शिक्षकहरु अन्तर प्रदेश/जिल्ला/स्थानीय तह सरुवा भई आउनका लागि सरुवा दस्तुर | | |
| क | आधारभूत विद्यालय तह (१ — ५ सम्म) शिक्षक | २००० | |
| ख | आधारभूत विद्यालय तह (६ — ८ सम्म) शिक्षक | ३००० | |
| ग | माध्यमिक विद्यालय तह शिक्षक | ४००० | |
| २४ | विद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परिक्षक नियुक्ती/मनोनयन शुल्क | | |
| क | “क” श्रेणी लेखा परीक्षक | ३००० | |
| ख | “ख” श्रेणी लेखा परीक्षक | २००० | |
| ग | “ग” श्रेणी लेखा परीक्षक | १५०० | |
| घ | “घ” श्रेणी लेखा परीक्षक | १००० | |
| २५ | अस्पताल ल्याव परीक्षण शुल्क | | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १) | आर ए फ्याक्टर | २०० | |
| २) | आर बि सि | ६० | |
| ३) | ई एस आर | ८० | |
| ४) | ए एफ बि स्टेन | १०० | |
| ५) | एगोट | १५० | |
| ६) | एच आई भि टेष्ट | ४०० | |
| ७) | एच डि एल कोलेस्ट्रोल | १५० | |
| ८) | एच बि एस ए जि | २०० | |
| ९) | एल डि एल कोलेस्ट्रोल | १५० | |
| १०) | एस जि पि टी | १५० | |
| ११) | कोलेस्ट्रोल टेष्ट | १५० | |
| १२) | क्रिटिनाइन | २०० | |
| १३) | टिकट | २० | |
| १४) | ट्रिग्सिराइडस | १५० | |
| १५) | डब्लु बि सि | ७० | |
| १६) | डेंगु किट | ८०० | |
| १७) | पिगमेन्ट युपिटी | १०० | |
| १८) | प्लेट्स | १०० | |
| १९) | बि टी | ५० | |
| २०) | ब्लड ग्रुपिङ्ग | ५० | |
| २१) | ब्लड सुगर आर | ३० | |
| २२) | ब्लड सुगर पि पि | ३० | |
| २३) | ब्लड सुगर फास्टिङ्ग | ३० | |
| २४) | भि एल डि एल कोलेस्ट्रोल | १५० | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| २५) | भि डि आर | २५० | |
| २६) | मलेरिया किट | १५० | |
| २७) | युरिक एसिड | १२० | |
| २८) | युरिन आर-ई | ५० | |
| २९) | युरिया | १५० | |
| ३०) | विलिरुविन | १५० | |
| ३१) | वेडल | २०० | |
| ३२) | सि आर पि | २५० | |
| ३३) | सि टी | ५० | |
| ३४) | सि बि सि | ३०० | |
| ३५) | सेरम अल्काली फसफोरस | ३०० | |
| ३६) | स्टुल आर ईप | ५० | |
| ३७) | हेमोग्लोविन | ५० | |
| २६ | पशुपन्छी उपचार सेवा शुल्क | | |
| क | गाई, भैंसी (प्रति गोटा) | १० | |
| ख | भेडा, बाख्रा (प्रति गोटा) | ५ | |
| ग | हाँस, कुखुरा, परेवा (प्रति गोटा) | १ | |
| घ | कुकुर, बिरालो (प्रति गोटा) | ५० | |
| ङ | कृत्रिम गर्भाधान (प्रति गोटा) | १०० | |
| च | पशु बन्ध्याकरण शुल्क | १०० | |
| अ | गोरु (प्रति गोटा) | ५० | |
| आ | बोका (प्रति गोटा) | २० | |
| २७ | नक्सा पास दस्तुर | | |
| अ) | व्यावसायीक र आवासीय तर्फ | | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| क | आर.सि.सि. फ्रेम स्ट्रक्चर | | |
| ख | जमिन तला | ४ | प्रति वर्ग फुट |
| ग | प्रथम तला | ५ | प्रति वर्ग फुट |
| घ | दोस्रो तला तथा सो भन्दा माथि | ७ | प्रति वर्ग फुट |
| ङ | जमिन मुनिको तला | ३ | प्रति वर्ग फुट |
| च | माथीको ट्रस लगाउने कार्य | ४ | प्रति वर्ग फुट |
| आ) | लोड वेयरिङ्ग स्ट्रक्चर | | |
| क | जमिन तला | ४ | प्रति वर्ग फुट |
| ख | प्रथम तला | ५ | प्रति वर्ग फुट |
| ग | दोस्रो तला तथा सो भन्दा माथि | ७ | प्रति वर्ग फुट |
| घ | घर माथिको ट्रस लगाउने कार्य | ४ | प्रति वर्ग फुट |
| इ) | ईट्टालाई सिमेन्ट वा माटोको जोडाई गरी बनेको जस्ताको छाना भएको घर | | |
| क | जमिन तला | ३ | प्रति वर्ग फुट |
| ख | कम्पाउण्ड/वाल | ५ | प्रति वर्ग फुट |
| ग | सेड तथा अस्थायी संरचना | २ | प्रति वर्ग फुट |
| २८ | घर नक्सा | | |
| क | घर नक्साको प्रतिलिपी दस्तुर | ५०० | |
| ख | घर नक्साको नामसारी दस्तुर | १००० | |
| ग | निर्माण सम्पन्न दस्तुर | ५०० | |
| घ | नक्सा पास निवेदन दस्तुर | १०० | |
| ङ | नक्सा पास फारम | ५०० | |
| च | भौतिक पूर्वाधार उपयोग शुल्क (निवेदनमा उल्लेख गरिएको रकमको) | ०.५० प्रतिशत | |

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| छ | नक्सा पास नगराई घर बनाएको जरिवाना | नक्सापास गर्न लाग्ने दस्तुरको दुई गुणा शुल्क | |
| ज | राष्ट्रिय पूनर्निर्माण प्राधिकरणबाट अनुदान प्राप्त गरी निर्माण गरिने घरको नक्सा पास दस्तुर पूर्ण रुपमा छुट गरिएको छ । | | |
| झ | माथि उल्लेख नभएको सार्वजनिक पाटी, पौवा, मन्दिर, गुम्बा, मस्जिद, चर्च, स्कूल आदि वा उल्लेख नभएको अन्यको हकमा आवासिय प्रयोजनका लागि लाग्ने दस्तुर सरह लाग्नेछ । | | |

नोटः यसमा नपरेका शिर्षकहरुको हकमा अन्य सिफारिससँग मिल्दो अनुसार कायम हुनेछ ।

अनुसूची – १३
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ ।

आ.व. २०७९/०८० मा दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरा) मा देहाय बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछः

| सि.नं. | शिर्षक | दर (प्रति क्युबिक फिट) (रु.) | कैफियत |
|---|---|---|---|
| १ | रोडा, गिट्टी, गेग्रान | सात रुपैया | |
| २ | स्लेट ढुङ्गा | सात रुपैया | |
| ३ | गिटी ढुङ्गा | सात रुपैया | |
| ४ | चट्टान ढुङ्गा | सात रुपैया | |
| ५ | कटिङ्ग ढुङ्गा | सात रुपैया | |
| ६ | चिप्स | सात रुपैया | |
| ७ | इट्टा पार्ने माटो | तिन रुपैया | |
| ८ | अन्य साधारण माटो | दुई रुपैया | |
| ९ | बालुवा | सात रुपैया | |
| १० | चुनढुङ्गा | दश रुपैया | |
| ११ | नदी तथा खोलाले बगाएर ल्याएको काठ | तिन सय रुपैयाँ | |
| १२ | नदी तथा खोलाले बगाएर ल्याएको कुकाठ | पचास रुपैया | |
| १३ | नदी तथा खोलाले बगाएर ल्याएको दाउरा जराजुरी (प्रति किलोग्राम) | चार रुपैया | |

| सि.नं. | शिर्षक | दर (प्रति क्युविक फिट) (रु.) | कैफियत |
|---|---|---|---|
| १ | घाटगद्दी प्रमाणित (प्रति घ.मि.) | पचास पैसा | |
| २ | गाउँपालिकाभित्र गत आ.व.मा उत्खनन भएको ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) प्रति घ.मि. बापतको वातावरण शुल्क | बिस रुपैया | |
| ३ | गाउँपालिकाभित्र चालु आ.व.मा उत्खनन भएको ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) प्रति घ.मि. बापतको वातावरण शुल्क | दश रुपैया | |

आज्ञाले
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

देवघाट गाउँपालिकाको स्थानीय राजपत्र